# LIVOLAX® लिभोल्याक्स्

(Lactulose10gm/15ml Solution USP)

**ल्याक्टुलोज के हो ?**

ल्याक्टुलोज "ल्याक्जेटिभ" (Laxative) औषधि अन्तर्गत पर्दछ। ल्याक्जेटुलोजले दिसालाई नरम बनाई दिसा निस्कासनमा मद्धत पुऱ्याउँछ।

**ल्याक्टुलोज कुन अवस्थामा प्रयोग गर्ने ?**

- कब्जियत भएमा (दिसा सुख्खा कडा हुनु : आन्द्राको गतिविधि सुस्त हुनु)
- हेपाटिक इन्सेफालोप्याथी (Hepatic Encephalopathy )

**ल्याक्टुलोज प्रयोग गर्नुपूर्व थाहा पाउनु पर्ने कुराहरू :**

**प्रयोग गर्न नहुने अवस्था :**

- ल्याक्टुलोजसँग एलर्जी भएमा
- Galactosaemia भएमा (Galactose तत्व पाचन गर्न नसक्ने अवस्था)
- आन्द्राको गतिविधि कब्जियतले नभई अन्य कारणले ढिला भएमा

**सावधानी अपनाउनु पर्ने अवस्था :**

- पेट दुखेको कारण थाहा नभएमा
- ल्याक्टोज (Lactose) पचाउन नसक्ने भएमा (दुधमा पाईने एक किसिमको तत्व)
- मधुमेह भएमा
- लामो समयसम्म ल्याक्टुलोजको प्रयोग अथवा यसको गलत मात्रा सेवन गर्दा पखाला लागेमा

**बच्चाहरुमा :**

बच्चाहरुमा चिकित्सकको सल्लाह बमोजिम मात्र ल्याक्टुलोजको प्रयोग गर्नुपर्दछ।

**गर्भवती तथा स्तनपान गराउने महिलाहरु :**

चिकित्सकको सल्लाह बमोजिम आवश्यकता अनुसार ल्याक्टुलोजलाई गर्भवती तथा स्तनपान गराउने महिलाले प्रयोग गर्न सक्छन्।

**प्रयोग गर्ने विधि :**

- यस झोल औषधीलाई बोतलसँगै दिईएको मेजरिङ्ग कपमा मात्रा नापेर सेवन गर्नुपर्दछ।
- यसलाई पानी वा फलफूलको जुससँग मिसाएर खान सकिन्छ।
- ल्याक्टुलोज खाँदा प्रशस्त पानी (१.५-२ लिटर प्रतिदिन) पिउनुपर्छ।
- यस औषधीमा पाईने चिनी (सुगर) ले दाँतमा किरा लाग्ने हुँदा यसलाई धेरै बेर मुखमा राख्नु हुदैंन र छिटो निल्नुपर्छ।
- यस औषधीले खाएको २-३ दिनमा काम गर्न थाल्दछ र आवश्यकता अनुसार मात्रा घटाउन सकिन्छ।

**मात्रा :**

**कब्जियतको लागि**

१ महिना देखि १ वर्ष सम्मको लागि :
२.५ मि.लि. दिनको २ पटक
१ वर्ष देखि ५ वर्ष सम्मको लागि :
५ मि.लि. दिनको २ पटक
५ वर्ष देखि १० वर्ष सम्मको लागि :
१० मि.लि. दिनको २ पटक
१० वर्ष भन्दा माथिको लागि :
१५ मि.लि. दिनको २ पटक

**हेपाटिक इन्सेफालोप्याथीको लागि**

१८ वर्ष भन्दा माथिको लागि:
३०-५० मि.लि.दिनको तीन पटक

**अथवा चिकित्सकको सल्लाह बमोजिम।**

**ल्याक्टुलोज समयमा खान बिर्सेमा :**

- अर्को मात्रा समयमा खाने
- बिर्सेको मात्रा पनि गरी दुई गुण बढी मात्रा नखाने
- तोकिएको भन्दा बढी मात्रा नखाने

**नकारात्मक असरहरु :**

पखाला, पेटमा ग्याँस भरिनु, पेट दुख्नु, वाकवाकी लाग्नु, बान्ता आउनु जस्ता समस्याहरु देखा पर्न सक्छन्। केही दिनपछि यो समस्या आफैं निको हुन्छ।

**भण्डारण गर्ने तरिका :**

घाम तथा ओसबाट बचाउनुहोस्, सुख्खा चिसो ठाँउमा राख्नुहोस् तर फ्रिजमा नराख्नुहोस्।
बच्चाको पहुँचबाट टाढा राख्नुहोस्।
प्रयोग गरिसकेपछि राम्रोसँग बिर्को बन्द गर्नुहोस्।

**भण्डारणको क्रममा झोलको रङ्ग गाढा हुन्छ।**

**लिभोल्याक्स् १८०/१०० मि.लि. को बोतलमा उपलब्ध छ।**

01 pi LIV 20

DIVYAM
The Provider of Advance Care Solutions

Manufactured by:
**Deurali-Janta Pharmaceuticals Pvt. Ltd.**
Dhapasi, Kathmandu, Nepal
® Registered Trade Mark